नारायण नगरपालिकाको

# विनियोजन ऐन, २०८३

नगरसभाबाट पारित मितिः २०८३/०३/१४

प्रमाणीकरण मितिः २०८३/०३/२६

नारायण नगरपालिका

दैलेख

कर्णाली प्रदेश, नेपाल

# नारायण नगरपालिकाको विनियोजन ऐन २०८३

**प्रस्तावनाः** नारायणनगरपालिकाको आर्थिक बर्ष २०८३/०८४ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वान्छनीय भएकोले नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिमको ब्यवस्थालाई कार्यान्वयन गर्न गराउन नारायण नगरपालिकाको सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "नारायण नगरपालिकाको विनियोजन ऐन २०८३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. आर्थिक बर्ष २०८३/०८४ को निमित्त संचितकोष बाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक बर्ष २०८३/२०८४ को निमित्त नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाहरुले सेवा र कार्यहरुका निमित्त अनुसूची—१ मा उल्लेखित चालु खर्च र पूँजिगत खर्चको रकम समेत जम्मा गरी रू ५९१४७०६००।०० (अक्षेरूपी उनान्साठी करोड चौध लाख सत्तरी हजार छ सय मात्र) नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ।

(२) स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ को उपदफा (२), (३), (५), (६) बमोजिम कार्यान्वयन गर्न बिषयगत शाखाको हकमा बिषयगत प्रमुख र प्रमुख प्रशासकीय अधिकृतले तोकेको लेखा शाखाको कर्मचारी तथा वडा कार्यालयको हकमा वडा सचिव र प्रमुख प्रशासकिय अधिकृतले तोकेको लेखा शाखाको कर्मचारीले संयुक्त रुपमा अनुसूची–२ बमोजिमको भुक्तानी आदेश प्रमुख प्रशासकिय अधिकृत समक्ष पेश गर्नु पर्नेछ र अनुसूची–२ बमोजिमको भुक्तानी आदेश अन्तर्गतको खर्च तथा दायित्व सिर्जित कारोकारहरुको लेखा अभिलेख राख्ने एवम् आन्तरिक तथा अन्तिम लेखा परिक्षण गराउने लगायत उक्त कारोबारहरुको सम्पुर्ण जिम्मेवारी, जबाफदेहिता साथै उत्तरदायित्व बहन गर्ने दायित्व उक्त अनुसूची–२ बमोजिमको भुक्तानी आदेश पेश गर्ने शाखा प्रमुख वा जिम्मेवार अधिकारी वा वडा सचिव र लेखा कर्मचारीको हुनेछ।

(३) अनुसूची-२ बमोजिम प्राप्त भएको भुक्तानी आदेशको आधारमा स्थानीय सरकार ऐन २०७४ को दफा ७३ को उपदफा (५) बमोजिम खाता सञ्चालन हुनेछ।

**३. विनियोजनः**

(१) यस ऐन द्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक बर्ष २०८३/०८४ को निमित्त नारायण नगरपालिकाको नगर कार्यापालिकाको कार्यालय, वडा समिति/कार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त विनियोजन गरिनेछ।

(२) उप-दफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यापालिका, वडा समिति र विषयगत शाखाहरुले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम रकम सार्दा कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न वा निकासा र खर्च जनाउन सकिने छ।

(४) पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षक बाहेक अन्यत्र सार्न सकिने छैन तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक श्रोतबाट अर्को श्रोतमा रकम सार्न सकिनेछ।

(३) उप दफा (२) र उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा र विनियोजन नभएका नयाँ शीर्षकहरुमा रकम सार्न वा रकमान्तरण गरी लैजान परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ।

# अनुसूची १
## आर्थिक वर्ष २०८३।८४ को आय व्ययको विवरण

| आय विवरण र श्रोत | आ.व. २०८२/083 | आ.व. २०८3/084 | | प्रस्तावित खर्च विवरण | | | |
|---|---|---|---|---|---|---|---|
| **संघबाट प्राप्त श्रोत** | | | | | | | |
| शशर्त अनूदान चालु | २६३९००००० | २७२९००००० | | विनियोजन रकम व्यहोर्ने स्रोतहरु | चालू | पूजीगत | जम्मा |
| शशर्त अनूदान पूजीगत | १२६००००० | ६६००००० | | सघीय अनूदान | २७२९०००००।०० | २४२००००० | २९७१०००००।०० |
| वित्तीय समानिकरण | १०४६००००० | १०६३००००० | | प्रदेश अनुदान | ३५६४००० | ३८०००००० | ४१५६४०००।०० |
| विशेष अनूदान चालु | ० | ० | | नगर तर्फको | २१०२१५६०० | ४२५९१००० | २५२८०६६००।०० |
| विशेष अनूदान पूंजीगत | ६८००००० | १५०००००० | | जलवायु परिवर्तन स्थानीय अनुकुलन परियोजना | ६२९२००० | १९६००००० | २५८९२०००।०० |
| समपूरक अनूदान | ७५००००० | २६००००० | | हेल्भेटास | | 16500000.00 | १६५०००००।०० |
| राजस्व बाडफाडबाट प्राप्त रकम | ९१८३५७६८ | ९५३४०००० | | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (नवपर्वद्धन) | ५४००००० | ० | ५४०००००।०० |
| जम्मा | **४८७२३५७६८** | **४९८७४००००** | | सामाजिक नीति, बाल संरक्षण र खानेपानी तथा सरसफाई (युनिसेफ) साझेदारी | २६००००० | | २६०००००।०० |
| **प्रदेशबाट प्राप्त श्रोत** | | | | | | | ०।०० |
| वित्तीय समानिकरण | १३६६५००० | १४४०६००० | | | | | ०।०० |
| सशर्त अनूदान चालु | १६९२००० | ३५६४००० | | | | | ०।०० |
| सशर्त अनुदान पुँजीगत | ३०००००० | २८०००००० | | | | | ०।०० |
| विशेष अनूदान चालु | ३०००००० | | | | | | ०।०० |
| विशेष अनूदान पुँजीगत | | ५०००००० | | | | | ०।०० |

| | | |
|---|---|---|
| समपूरक अनुदान | १०२०००००० | ५००००००० |
| राजस्व बाडफाडबाट प्राप्त रकम | ३४७६६६१।३ | ३३१२४७० |
| जम्मा | **६२०३३६६१।३** | **५९२८२४७०** |
| <u>अन्य</u> | _ | |
| आन्तरिक श्रोतबाट आम्दानी | १०००००००० | ११०००००० |
| दहत्तर बहत्तर बाँडफाँडबाट प्राप्त | १०००००० | १०००००० |
| घरजग्गा रजिष्ट्रेशन दस्तुर | २०००००० | २०००००० |
| गतबर्षको जिम्मेवारी | ० | १९४४८१३० |
| जम्मा | **१३००००००** | **३३४४८१३०** |
| जम्मा | **५६२२६९४२९।३०** | **५९१४७०६००।०<br>०** |
| **गैर सरकारी स्रघ संस्था** | | |
| जलवायु परिवर्तन स्थानीय अनुकुलन परियोजना | | २५८९२०००।०० |
| क) पुँजीगत | | 19600000.00 |
| ख) चालु | | 6292000.00 |
| हेल्भेटास | | १६५०००००।०० |
| प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (नवपर्वद्धन) | | ५४००००००।०० |
| युनिसेफ साझेदारी | | २६००००००।०० |
| जम्मा | | **५०३९२०००।००** |
| कुल जम्मा | | **६४१८६२६००।०<br>०** |

| | | | |
|---|---|---|---|
| | | | ०।०० |
| | | | ०।०० |
| | | | ०।०० |
| **कुल जम्मा** | **५००९७१६००।०<br>०** | १४०८९१००<br>० | **६४१८६२६००।०<br>०** |
| फरक रकम | | | ०।०० |

## अनुसूची २

(बिनियोजन ऐन २०८३ को दफा २ को उपदफा (२) संग सम्बन्धित)

## नारायण नगरपालिका, दैलेख

## वडा नं. ... .... .... कार्यालय वा ... ... . ... . ... . ... . ... .. शाखा/ फाँट/ बिभाग

भुक्तानी आदेश नं. : ... ... ....

लेखा शाखा दर्ता नं. : ... ... ....

## चालु / पूँजीगत खर्चको भक्तानी आदेश

मितिः ... ... ... ... ...

नारायण नगरपालिका अन्तर्गत... .... .... .... .... ... .... .... .... ... ... शाखा/ फाँट/वडा कार्यालय लागि विनियोजन भएको बजेटबाट तपशिलमा उल्लेख भएका योजना /आयोजना /कार्यक्रम /कार्यको लेखा राख्ने, कारोबारको परीक्षण गराउने, उत्तरदायित्व यसै भुक्तानी आदेश बमोजिम रहने भएकोले यस भुक्तानी आदेश अन्तर्गतको विल, भर्पाई लगायतका प्रमाण आधारमा भुक्तानी आदेश बमोजिम/वापतको रकम भुक्तानी गर्न मनासिव देखिएको हुँदा देहायमा उल्लेख भए रकम भुक्तानीका लागि बमोजिम अनुरोध छ ।

| क्र.सं. | गो.भौ.नं. | बजेट खर्च/योजना शिर्षक नं. | योजना/आयोजना/कार्यक्रम/कार्यको नाम | विनियोजित कुल रकम | यस पूर्वको भु.आ. बाट भएको खर्च भएको जम्मा रकम रु. | यस भु.आ. बाट भुक्तानी माग भएको रकम रु. | यस भु.आ. पछी बाँकी हुने जम्मा रकम रु. | भुक्तानी पाउने पक्षको नाम, ठेगाना | भुक्तानी भएको रकम जम्मा हुने बैंक वा निकाय वा पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

सिफारिस गर्नु पर्ने भए सिफारिस गर्नेकोः
नामः
पदः
दस्तखतः
मितिः

भु.आ. गर्ने लेखा कर्मचारीको,
नामः
पदः
दस्तखतः
मितिः

भु.आ. गर्ने वडा सचिव / शाखा /फाँट /विभाग प्रमुखको,
नामः
पदः
वडा/ शाखा/फाँट/ विभाग को नामः
दस्तखतः
मितिः